# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०४।०७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी सुरेश साह सोनारसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला महोत्तरी, जलेश्वर नगरपालिकाका **नगर प्रमुख सुरेश साह सोनार, प्रशासकीय अधिकृत मित्रलाल ढकाल** समेतका प्रतिवादीहरु उपर जलेश्वर नगरपालिका वडा नं.१ महोत्तरी स्थित बरुणसर पोखरी नजिक रहेको बजार क्षेत्रभित्र पिपिसी ढलान योजनामा भए गरेको कार्य भन्दा बढी रकमको मूल्याङ्कन गरी भुक्तानी दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रु.५,८४,६३७।- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगो असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०३।२६ को फैसलाबाट आंशिक सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०४।०७ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता<br>
राजेन्द्र कुमार पौडेल